# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०४।१५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

------------------------------------------------

जिल्ला प्राविधिक कार्यालय, गौर रौतहटका इन्जिनियर अजयकुमार ठाकुरले उपभोक्ता समितिले निर्माण गरेको विद्यालयको पर्खाल र कृषि सडक निर्माणको काम सम्पन्न भएपश्चात अन्तिम भुक्तानीका लागि बिल कागजात तयार पार्ने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिई गएको टोलीले निजलाई रु.४५,०००।-(पैतालीस हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज र विजयपुर नगर कार्यपालिकाको कार्यालय, लक्ष्मीनिया, रौतहटमा करार सेवामा कार्यरत असिस्टेन्ट सव-इन्जिनियर ज्ञानेन्द्र यादव समेतको आपसी मिलेमतोमा उक्त कार्य गरेको देखिन आएको हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई जनही बिगो रु.४५,०००।-(पैतालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता